




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस १० गते शनिबार ❑ 25 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## वैशाख १४ गते स्थानीय निकायको निर्वाचनको प्रस्ताव

**रासस**
**काठमाडौं, ९ पुस**

निर्वाचन आयोगले आगामी वैशाख १४ गते स्थानीय निकायको निर्वाचन गर्ने प्रस्ताव गरेको छ।

आयोगका पदाधिकारीले शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री शेरबहादुर देउवासँग छलफल गर्दै एकै दिन एकै चरणमा निर्वाचन हुने गरी मिति तोक्नु उपयुक्त हुने बताएको हो। पहिलो चरणमा सबै स्थानीय निकायको निर्वाचन गर्न सम्भव नभए दोस्रो चरणमा आगामी वेशाख २२ गते बिहीबारका दिन गर्न सकिने व्यहोरा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रधानमन्त्रीलाई जानकारी गराउनुभएको थियो। आयोगले गरेको प्रस्ताव र सम्पादन गरेका कामलाई धन्यवाद दिँदै प्रधानमन्त्रीले राजनीतिक दलहरुसँगको छलफलपछि आयोगको प्रस्तावलाई अगाडि बढाउने बताउनुभएको थियो। आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार निर्वाचमा भोटिङ मेशिनको प्रयोग गर्ने सन्दर्भमा कुराकानी भएको थियो। प्रधानमन्त्रीले राजनीतिक दलसँगको छलफलका आधारमा सबै क्षेत्रमा प्रयोग गर्न नसकिए पनि केही निश्चित क्षेत्रमा भोटिङ मेशिन प्रयोग गर्दै जाने बताउनुभएको थियो। स्थानीय तह निर्वाचन ऐन, २०७३ अनुसार स्थानीय तहको निवार्चनका लागि आयोगले सिफारिस गर्ने र सरकारले मिति तोक्ने व्यवस्था छ। छलफलमा आयोगका पदाधिकारीको सहभागिता थियो। सरकारको तर्फबाट गृहमन्त्री बालकृष्ण खाँड, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, कानून न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडू, मुख्यसचिव, गृह र अर्थ सचिवको उपस्थिति थियो।

आयोगका अनुसार आजसम्म कूल पाँच लाख ७७ हजार ६६९ नयाँ मतदाताले आफ्नो नामावली दर्ता गराएका छन्। मतदाता नामावलीमा नाम दर्ता गर्ने समय यही पुस २० गतेसम्म रहेको छ। आगामी जेठ ५ गते स्थानीय तहको पदाधिकारीको पदावधि सकिदैछ।

## मदिरा सेवन, मानव जीवनको नकारात्क पक्ष

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस**

सन् २००१९ को एक तथ्याङ्क अनुसार नेपालमा प्रत्येक ८ जना पुरुष मध्ये १ जनाले रक्सी सेवनर्छन्। रक्सी सेवनकै कारण ५ प्रतिशत रोगहरु थपिन्छन्। रक्सी सेवन कै कारण दैनिक ५ देखि ७ जना मानिसहरुको मृत्यु हुने गरेको छ। रक्सी सेवन कै कारण ८० प्रतिशत हिंसा र पारिवारीक कलह र अपराध बढाएको छ। गुणस्तर हिन मदिरा सेवन गरेर अकालमा जिवन गुमाउनु परेको अवस्था छ। यति हुदा पनि आम मानिसहरु रक्सी सेवन गर्न छाड्दैनन् आखि किन ? माथीको भनाई, बिश्व स्वास्थ्य संगठन र उपभोक्ता हित संरक्षण मंच गण्डकीले आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका बक्ताहरुको

सो कार्यक्रममा बोल्दै संघिय सांसद बिद्या भट्टराईले रक्सी सेवन अहिले संस्कृतिको रुपमा बिकास हुदै गएको बताउनु भयो। उहाले राज्यका बिशिष्ट स्थानमा बसेकाहरुको औपचारिक या औपचारिक समारोहमा बिना रक्सी सेवन सहमतिको बिन्दुमा पुग्न नसक्ने जस्तै बनाईने बताउनुभयो। उहाले 'रक्सी नखानेहरु सामाजिक र राजनैतिक दृष्टीकोणबाट पछाडी पर्ने र कसैसंग मिल्न नसक्ने जस्तै बनाईन्छ।' भन्नु भयो। रक्सी सेवनबाट हुने आवेग र हिंसालाई नियन्त्रण गर्न जरुरी रहेको र अव नियामक निकायहरुले कुनै पनि बहानामा भोट र राजनितीलाई मदिरासंग जोड्न नहुने औंल्याउदै अव मदिरा बिरुद्धको सामाजिक जागरण सबैले थाल्नुपर्ने बताउनु भयो।

सो अवसरमा सहायक प्रमुख जिल्ला अधिकारी अनिल साहीले पहिला भन्दा सामाजिक सुधार भएको र अझै पनि बजार अनुमन गर्नुपर्ने अवस्था रहेको बताउनु भयो। गैसस महासंघका केन्द्रिय अध्यक्ष राम प्रसाद सुबेदीले राज्यले कर संकलन गर्ने बहानामा मदिरालाई जथाभावी प्रयोग गर्न दिन नहुने बताउनु भयो। उहहाले नागरिकलाइ जड्हा बनाएर देश चलाउने भन्दा पनि जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने बताउनु भयो। सो अवसरमा पोखरा महानगपालिकाका प्रबक्ता धन बहादुर नेपालीले स्थानिय निकायले मदिराको जथाभावी प्रयोग नियन्त्रणका लागि तत् कालै कानुन् निमार्ण गर्ने बताउनु भयो। प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारीले मदिराको बिज्ञापनमा रोक लगाउने कानुन्हरु र आचारसंहिता भए पनि घरानिया संचारमाध्यममा मदिराको बिज्ञापन दिनहु आईरहेको बताउनु भयो।

उपभोक्ता हित संरक्षण मंचका अध्यक्ष सुरेन्द्र थापा मगरले मदिरा जथाभावी प्रयोग र बिक्री बितरणमा रोक लगाउन थुप्रै कानुन्हरु बने पनि नियामक निकायहरुले कार्यन्वयनमा उदासिनता देखाएको बताउनु भयो। कार्यपत्र प्रस्तुत गर्दै पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका उपप्राध्यापक डा. डेभिड श्रेष्ठले मदिराको सेवनले बिभन्न घातक रोगहरु ल्याउने हुदा आर्थिक र मानव जिवनमा नकारात्मक मात्रै असर गर्ने बताउनु भयो। जिल्ला ट्राफिक कार्यालय कास्कीका इन्चार्ज तथा प्रहरी निरिक्षक अमृत बहादुर बस्नेतले मदिरा सेवनबाट मानव जिवनमा खुशी भन्दा बढी दुखदायी दुर्घटना निम्त्याउने हुदा आम नागरिकहरु पनि कानुन् कार्यान्वयनमा सचेत हुनु पर्ने बताउनु भयो। डा. भरत खत्रीले मदिरा ठिक्क सेवन गर्दा औषधि र चाहिने भन्दा बढी गरेमा बिष हुने बताउनु भयो। सो अवसरमा उपभोक्ता हित संरक्षण मंचका सचिव पुण्य पौडेल, गैसस महासंघ कास्कीका उपाध्यक्ष गोपाल खड्का बरिष्ठ पत्रकार बद्रीबिनोद प्रतिक, पत्रकार कमल पोडेल अथक जमुना शर्मा बर्षा कंचन थापा लगायतका बक्ताहरले मदिरा सेवनले मानव जिवनमा सकारात्मक भन्दा नकारात्मक असर पर्ने बताउनु भयो।

## जनताको हितका लागि प्रदेश सरकार सदैव तत्पर छ : शहरी विकास मन्त्री खड्का

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस**



गण्डकी प्रदेश सरकारका भौतीक पुर्वाधार मन्त्री कुमार खड्काले जनताको हितका कार्य गर्न प्रदेश सरकार सदैव तत्पर रहेको वताएका छन।

रुपाताल तमु समाजले पोखरा-३२ खोलाको छेउमा आयोजना गरेको चौथो साविक वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता, भेट्रान्स भलिबल प्रतियोगिता एवं ब्याडमिन्टन प्रतियोगिताको शुक्रबार उद्धाटन गर्दै मन्त्री खड्काले यस्तो वताएका हुन। गण्डकी प्रदेश प्राकृतिक सुन्दरता जस्तै कला संस्कृतिको हिसावले पनि धनि रहेको वताउँदै यसको संरक्षणको लागी प्रदेश सरकार हातेमालो गरेर अघि वढ्न तयार रहेको उनले वताएका हुन।

कला संस्कृतिको संरक्षण सँगै खेलकुद र विकास निर्माणमा संस्थाले गर्दै आईरहेका कार्यहरुको प्रशंसा गर्दै मन्त्री खड्काले अन्य सामाजीक संस्थाहरुले पनि यसको अनुसरण गर्नुपर्ने वताएका थिए। कार्यक्रममा लोकतान्त्रीक खेलकुद संघ कास्कीका अध्यक्ष नविन पुनले खेलक्षेत्र निरन्तर क्रियाशील र चलायमान हुन आवश्यक रहेको बताउँदै खेलकुद क्षेत्रमा देखिएका चुनौतीलाई अवसरको रुपमा लिएर खेलक्षेत्रको विकासका लागि क्रियाशिल हुनुपर्ने वताएका थिए।

संस्थाका अध्यक्ष चेस बहादुर गुरुङ्गको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन सचिव भिम कहादुर गुरुङले गरेका थिए। भलिबलमा एजु युथ क्लव र नव किरणको विजयी शुरुवात

शुक्रबार नै सम्पन्न भलिबलतर्फको उद्धाटन खेलमा एजु युथ क्लव ढुंगेपाटनले विजयी शुरुवात गरेको छ। जन कल्याण युथ क्लवलाई २२-२५ र २४-३६ को सोझो सेटमा हराउँदै ढुंगेपाटनले विजयी यात्रा तय गरेको हो। यस्तै शुक्रबार नै भएको दोश्रो खेलमा नव किरण युथ क्लव दमौलीले आयोजक रुपाताल तमु समाज बि लाई १५-२५ र २४-३६ ले हराएको छ। भलिबल तर्फका बाँकि खेलहरु एवं व्याडमिन्टन प्रतियोगिता शनिबारबाट हुने आयोजकले जनाएको छ।

## थप २६० जनामा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ९ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप २६० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। यस अवधिमा ११ हजार ८९६ जनाको पिसीआर परीक्षण गरिएको थियो।

योसँगै नेपालमा पिसीआर विधिमार्फत् आठ लाख २६ हजार ९०१ जनाको कोरोना परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। हालसम्म एन्टिजेन विधिबाट ९६ हजार ११५ जनाको कोरोना परीक्षण गरिएको छ। पछिल्लो २४ घण्टामा ३४९ जना कोरोनाबाट निको भएका छन्। योसँगै निको हुनेको सङ्ख्या आठ लाख १० हजार २७१ पुगेको छ। निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको छ।

## प्रदेश खेलकुद नीति बनाउँछौँ – मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश खेलकुदलाई व्यवस्थित बनाउन प्रदेश खेलकुद नीति निर्माणका लागि पहल सुरु गर्ने बताउनुभएको छ।

प्रदेश खेलकुद परिषद् गण्डकीद्वारा आयोजित तीन महिने सहायक प्रशिक्षक प्रशिक्षण तालिमको आज उद्घाटन गर्दै उहाँले प्रशिक्षणले खेलाडीको मनोवल उच्च राख्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले जसरी हामीले प्रदेशको स्वास्थ्य र शिक्षालाई प्रभावकारी बनाउन नीति बनायौँ त्यसरी नै प्रदेशको खेलकुदलाई व्यवस्थित बनाउन खेलकुद नीति निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रदेशको खेलकुद विकासलाई अघि बढाउन सरकारसँग भएको स्रोत र साधनको समुचित उपयोग गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्दै उहाँले उच्चस्तरको समिति गठन गरेर प्रदेशभित्रका जग्गाको खोजी गरिने जानकारी दिनुभयो।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरामा सम्पत्ति शुद्धीकरणसम्बन्धी छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस**



प्रधानमन्त्री कार्यालयका सचिव सूर्यप्रसाद गौतमले सरकार सुशासन कायम गराउन दृढ रहेको बताएका छन्। उनले गैरकानूनी क्रियाकलापप्रति निर्मम कारबाही गरिने प्रतिवद्धता व्यक्त गरे।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको आयोजना तथा पोखरा उद्योग वाणिज्य संघको समन्वयमा शुक्रबार पोखरामा आयोजित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी छलफल कार्यक्रममा बोल्दै सचिव गौतमले आफूले गरेको कारोबार शुद्ध बनाउन, आफूसँग सहकार्य गर्ने व्यक्तिको सम्पत्तिको स्रोतबारे स्पष्ट हुन पनि आग्रह गरे।

पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष नारायण कोइरालाले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कानून देखाएर असल काम गरिरहेका व्यवसायीहरुमाथि दुःख दिन नहुने धारणा राखे। उनले कानूनी जटिलताका कारण धेरै व्यवसायीहरु थप दण्ड र जरिवानामा परिरहेको बताउँदै सचेतनामूलक कार्यक्रम संचालन हुनुपर्नेमा जोड दिए।

सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक प्रेमप्रसाद भट्टराईले सबैको सुझावको आधारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कानून बन्ने बताए।कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी जयनारायणआचार्यलेअनुसन्धानको दायरामा आउँदैमा अपराधी करार गरियो भन्ने मानशिकताबाट मुक्त हुन व्यवसायीलाई आग्रह गरे।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सम्पत्ति शुद्धीकरण विभागका निर्देशक तेजप्रसाद प्रसाईंले सम्पत्ति आर्जन गर्नु अपराध नभए पनि त्यसको गलत व्यवस्थापन गर्नु अपराध भएको बताए। सम्पत्ति लुकाउने वा छल्ने, हस्तान्तरण वा रुपान्तरणमा जालझेल गर्ने,स्वामित्व लुकाउने,कसुरबाट सम्पत्ति प्राप्त गर्नु नै अपराध भएको उनको भनाई थियो। स्वस्थ अर्थतन्त्र विकास गर्न, पूँजी पलायन रोक्न,अपराध नियन्त्रण गर्न तथा वैदेशिक व्यापारमा सहजता ल्याउन सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग क्रियाशिल भएको उनले बताए। कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य दामु अधिकारीले सम्पत्ति शुद्धीकरणको लागि डिजिटल भुक्तानीलाई प्रवर्द्धन गरिनुपर्नेमा जोड दिए।अर्का केन्द्रीय सदस्य बाबुराम गिरीले अवैधानिक तवरले काम गर्नेलाई कारबाही र असल काम गर्नैलाई प्रोत्साहन गरिनुपर्ने धारणा राखे। नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशकी सदस्य रामकली खड्काले महिला उद्यमीहरुको प्रोत्साहन गर्दै उनीहरुले गरेका व्यवसायमा कर छुट दिनुपर्ने माग गरिन्।

पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्णमोहन श्रेष्ठले ट्याक्स क्लिरियन्ससम्बन्धी कानून प्रष्ट नभएको धारणा राखे।संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीले व्यवसायीहरुको जीवन कर तिरेरै सकिने अवस्थाको अन्त्य हुनुपर्ने माग गरे। पोखरा हार्डवयर एसोसिएसनका अध्यक्ष शेषकान्त ढकालले सबै व्यवसायीहरुलाई कर कार्यालयले समान व्यवहार गर्नुपर्ने माग राखे। अडानका अध्यक्ष रुद्रनाथ पौडेलले न्यूनबिजीकरणमा सामान खदिर र बिक्री गर्नेहरुमाथि निगरानी बढाउनुपर्ने माग गरे। पोउवा संघका उपमहासचिव केशवबहादुर खत्रीले सम्पत्ति शुद्धीकरण विभाग स्वयंले प्रभावकारी काम गर्न नसकेको गुनासो गरे।संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिको धन्यवाद ज्ञापन रहेको कार्यक्रमको संचालन महासचिव सुरेन्द्रमान विजुक्छेले गरेका थिए।




# पोखराबाट न्यानो कपडा बोकेर हुम्ला

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस**

भौगोलिक विकटता साथै आर्थिक अवस्था निकै कमजोर रहेको कर्णाली प्रदेशका हुम्ला सिमिकोट गाउँपालिका-७ का डाँडा फया गाउँका विपन्न परिवारलाई अस्ट्रियाको फ्रिज्जी लाइट संस्थाको आर्थिक सहयोग र पोखरास्थित लामा राइजेन ट्रेक्स एण्ड एक्सपीडिसन प्रालिको संयोजनमा न्यानो कपडा वितरण गरिएको छ।

ठकुरी, क्षेत्री र दलित जातिको बाहुल्यता रहेको उक्त गाउँमा २५० घरधुरी रहेको स्थानीय संयोजनकर्ता समाजसेवी जङ्गसुर शाहीले जानकारी दिनुभयो । विपन्न एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता तथा दलित समुदायलाई हिउँदको कठ्याङ्ग्रिने जाडोमा न्यानो मायासहित न्यानो कपडा लिएर कर्णालीको हुम्ला आइपुगेको फ्रिज्जी लाइट संस्थाका नेपाल प्रतिनिधि छिरिङ लामा शेर्पाले बताउनुभयो । उहाँका अनुसार ५० जनालाई न्यानो ज्याकेट र स्लिपिङ ब्याग तथा ५० जना विद्यार्थीलाई ज्याकेट, ट्राउजर तथा स्कुल ब्याग वितरण गरिएको छ । मानवीय र सामाजिक कार्यका लागि विकट बस्ती पुग्दै र विपन्न समुदायको पहिचान गरी सहयोग गर्दै आइरहेको संस्थाले जाडोको मौसम सुरु भएपछि हुम्ला सिमिकोट आइपुगेको उहाँको भनाइ छ। संस्थाले यस वर्षमात्रै नेपालका ३० जिल्लामा यस्तो कार्यक्रम गरेको शेर्पाले बताउनुभयो । न्यानो कपडा वितरण कार्यक्रममा सिमिकोट गाउँपालिका-७ का कार्यवाहक वडाध्यक्ष कृष्णबहादुर शाही भौगोलिक विकटता र गरिबीले जाडो छल्न मुस्किल परेका समुदायलाई सम्झेर न्यानोमायासहित न्यानो कपडा बोकेर हुम्ला आएकामा धन्यवाद व्यक्त गर्नुभयो।

उहाँले मानवीय सेवा नै धर्म भएकाले नहुनेलाई सहयोग गरेर एकअर्काप्रति सकारात्मक भावको विकास गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा कैलाश माविकाप्रधानाध्यापकबलबहादुर शाही, सञ्चारकर्मी ओबिराज शाही, पोखरा बर्डस सोसाइटिका मन शान्त घिमिरे र नेपाल पर्वतारोहण सङ्घ (एनएमए)का अध्यक्ष शेषकान्त शर्माको उपस्थितिमा न्यानो कपडा वितरण गरिएको थियो।

# विद्यालय नाटक महोत्सवमा १६ नाटक छनोट

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस**

पोखरा थिएटरले आयोजना गरेको दोस्रो संस्करणको गण्डकी प्रदेश स्तरिय विद्यालय नाटक महोत्सवका लागि १६ नाटक छनोट भएका छन्।

महोत्सवको लागि प्राप्त कुल २४ नाटक मध्येबाट १६ नाटक पहिलो चरणमा छनोट गरिएको महोत्सव संयोजक समेत रहका पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिनुभयो । ‘ नाटकको विषयवस्तु, भाषाशैली, संवाद, प्रस्तुती आदिलाई आधार मानेर छनोट कमिटिले १६ नाटकलाई छनोट गरेको हो’ उहाँले भन्नुभयो । उत्कृष्ट नाटक छनोटका लागि वरिष्ठ कलाकार प्रकाश घिमिरेको संयोजकत्वमा तीन सदस्यीय निर्णायक समिति बनाइएको थियो। जसको सदस्यमा निर्देशक तथा कलाकार माओत्से गुरुङ र कलाकार प्रमिला तुलाचन रहनुभएको छ। अब छनोटमा परेका नाटकहरुलाई १५ दिनको रिहर्सल (पूर्वाभ्यास) अवधि उपलब्ध गराइने छ । त्यस पछाडि छनोट कमिटिले नाटकको अवलोकन गर्ने छ । अवलोकन पछाडि १० नाटकलाई अन्तिम चरणमा छनोट गरिने आयोजकको तयारी छ । यसरी छनोट भएका नाटक आगामी माघ ११ गतेदेखि १५ गतेसम्म पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन गरिनेछ।

पहिलो चरणमा कास्की जिल्लाबाट तीन नाटक छनोटमा परेका छन् । जसमा मनोज अधिकारीको लेखन तथा सोनिया कार्की खत्रीको निर्देशनमा भानुभक्त आवसीय माध्यमिक विद्यालयको शान्तिको अशान्ति शिर्षकको नाटक, आर्या मिश्रको लेखन तथा निर्देशनमा गण्डकी बोर्डिङ्ग स्कूलको पिडा शिर्षकको नाटक र सुनिता ज्ञवालीको लेखन तथा निर्देशनमा धर्मस्थली आधारभूत विद्यालयको आरोह अवरोह शिर्षकको नाटक रहेका छन् । तनहुँ जिल्लाबाट दुई नाटक छनोटमा परेका छन्। टुकादेवी पौडेलको लेखन तथा निर्देशनमा पञ्चमुनिदेव माध्यमिक विद्यालयको नाम बिनाको चिर्कटो र आकाश अधिकारीको लेखन तथा नारायणी अधिकारीको निर्देशनमा आदिकवि भानुभक्त क्याम्पसको समय संवाद शिर्षकको नाटक रहेका छन्। लमजुङ जिल्लाबाट तीनवटा नाटक छनोटमा परेका छन् । जसमा भरत रानाको लेखन तथा निर्देशनमा युनिभर्सल एकेडेमीको धनवहादुर शिर्षकको नाटक, मिरा नेपालीको लेखन तथा प्रतिभा अधिकारीको निर्देशनमा शैलपुत्री नमुना माध्यमिक विद्यालयको नारीको सम्मान मानवताको पहिचान शिर्षकको नाटक र सुर्य बहादुर के.सी.को लेखन तथा पशूपति न्यौपानेको निर्देशनमा विद्याज्योति माध्यमिक विद्यालय सुन्दरबजारको जीउँदालाशहरु शिर्षकको नाटक रहेका छन् । यसैगरी गोरखाबाट अनिता देसाईको लेखन तथा सुरेन्द्र देवकोटा नाट्य रुपान्तरण एवं निर्देशनमा शक्ती माध्यमिक विद्यालयको एक समर्पित छोरा शिर्षकको नाटक छनोटमा परेका छन्। नवलपुर जिल्लाबाट चारवटा नाटक छनोटमा परेका छन्। जसमा लिलाबहादुर भण्डारीको लेखन तथा निर्देशनमा कुमारी प्रा.वि.को हराएको खुशी, डिला भट्टराई, लक्ष्मी सापकोटा र विष्णु काफ्लेको लेखन तथा सृष्टि भट्टराईको निर्देशनमा सरस्वती माध्यमिक विद्यालयको असलबुहारी, खगराज सापकोटाको लेखन तथा निर्देशनमा त्रिभुवन माध्यमिक विद्यालयको जिम्मेवार को ? र अनामिका सापकोटाको लेखन तथा कमला कँडेलको निर्देशनमा बरचुली माध्यमिक विद्यालयको सक्षम छात्रा शिर्षकको नाटक रहेका छन् । म्याग्दी जिल्लाबाट बेनी सामुदायिक माध्यमिक विद्यालयको बाल विवाह शिर्षकको नाटक छनोट भएको छ। कर्ण बस्यालले लेखेको यस नाटकलाई रामचन्द्र पौड्यालले निर्देशन गर्नु भएको छ। बाग्लुङ जिल्लाबाट कालीगण्डकी आवासीय माध्यमिक विद्यालयको विदेशिनु पर्दाको पिडा शिर्षकको नाटक छनोट भएको छ। जीवननाथ शर्मा रेग्मीको लेखन तथा अर्जुन थापाको निर्देशनमा यो नाटक तयार भएको छ।

यस्तै पर्वत जिल्लाबाट न्यु होराइजन आवासीय माध्यमिक विद्यालयको मेरो समाजमा नारी शिर्षकको नाटक छनोटमा परेको छ । मिना रेग्मीको लेखन रहेको नाटकलाई रेजिना मल्लले निर्देशन गर्नुभएको छ । ‘ विद्यालयमा रंगमञ्च,अर्थपूर्ण बाल सहभागीताको आधार’ भन्ने मुल मन्त्रका साथ आयोजना गरिएको महोत्सवमा गण्डकी प्रज्ञा-प्रतिष्ठानको प्रमुख सहकार्य एंव नेपाल सङ्गीततथा नाट्य-प्रज्ञा प्रतिष्ठान काठमाण्डौं र पोखरा प्रज्ञा-प्रतिष्ठानपोखराले सहकार्य गरेका छन्।

## प्रदेश...

प्रदेशको हिमाली, पहाडी र तराईमा कुन खेल कहाँ गर्ने भन्ने विषयमासमेत अध्ययन गरिने बताउँदै उहाँले गण्डकी प्रदेशमा नवौं राष्ट्रिय खेलकुद आयोजना हुनु प्रदेशका लागि गौरवको विषय रहने विश्वास व्यक्त गर्नुभयो । यूवा तथा खेलकुद मन्त्रालयका सचिव ध्रुव गैडाले खेलकुद क्षेत्रको विकासका लागि मन्त्रालय गम्भिर भएर अघि बढ्केको बताउँदै खेलकुदको विकासको लागि सबैको साथ र सहयोग आवश्यक रहनेमा जोड दिनुभयो।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेशकुमार गुरुङले प्रदेशको खेलकुद विकास र खेलाडीको भविष्यका लागि नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा जुट्नुपर्ने समय आएको बताउँदै प्रदेशमा आवश्यक खेलकुद पूर्वाधारको निर्माणमा पहल गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा खेल विज्ञ डा प्रकाश प्रधान र डा पदम खडकाले समग्र सामाजिक परिवर्तन र आर्थिकरुपान्तरणका लागि खेलकुदको विकास अपरिहार्य रहने बताउनुभयो।

प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले मुलुकको समृद्धिका लागि खेलकुदको विकास अपरिहार्य रहने कुरामा जोड दिँदै दिगो विकास लक्ष्य हासिल गर्न खेलकुदको महत्व अझै बढेर गएको धारणा राख्नुभयो । प्रदेश खेलकुद परिषद् गण्डकीले आयोजना गरेको उक्त तीन महिने सहायक प्रशिक्षण तालिममा नौ जिल्लाका ९३ प्रशिक्षकको सहभागिता रहेको छ। तालिममा खेल विज्ञ डा प्रकाश प्रधान, प्रा डा रामकृष्ण महर्जन, डा पदम खड्का, डा. खडग सिंह गुरुङ, पार्थ सारथी सेन गुप्ता, इन्द्र गुरुङ, रीता प्रजापती, आशिष आचार्य, दिवाकरलाल अमात्य, मधुसुदन सवेदी, सुलोचना सिजाख्वा, डा मनिषकुमार साह र प्रा पशुपती अधिकारीले प्रशिक्षण दिने कार्यक्रम रहेको कार्यक्रम संयोजक कृष्ण तिमिल्सिनाले जानकारी दिनुभयो।

# माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस**

पोखरामा सर्वाधिक धनराशीको टेनिस प्रतियोगिता हुने भएको छ। कास्की जिल्ला टेनिस संघको आयोजनामा यहि पुष ११ देखि १८ औं प्रतियोगिता हुन लागेको हो।

आयोजक कास्की जिल्ला टेनिस संघले शुक्रबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरि प्रतियोगिताको बारेमा जानकारी गराएको छ । विभिन्न ११ वटा इभेण्टमा हुने प्रतियोगितामा मेन्स तथा उमन्स सिंगलतर्फबाट विजेता खेलाडीले नगद ८०/८० हजार सहित ट्रूफि पुरस्कार प्राप्त गर्ने सो अवसरमा जानकारी दिइयो। दुवै स्पर्धामा उप-विजेता खेलाडीले नगद ४०/४० हजार तथा सेमिफाइनलिष्टले १०/१० हजार पुरस्कार प्राप्त गर्ने प्रतियोगिता संयोजक नविन चालिसेले पत्रकार सम्मेलनमा जानकारी दिए।

मेन्स तथा उमन्स डवल्सतर्फ विजेताले नगद ३० हजार तथा उपविजेताले नगद १५ हजार सहित ट्रूफि तथा सेमिफाइनलष्टिले नगद १० हजार सहित मेडल पुरस्कार प्राप्त गर्नेछन्। ३५ वर्ष माथिको सिंगल्स विजेताले नगद ६० हजार, उपविजेताले ३० हजार सहित ट्रूफि तथा सेमिफाइनलिष्टले नगद १० हजार सहितको पुरस्कार प्राप्त गर्नेछन् । ३५ वर्ष माथिको डवल्स विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार सहित ट्रूफि तथा सेमिफाइनलिष्टले १० हजार सहित मेडल पुरस्कार प्राप्त गर्नेछन्।

४५ वर्ष माथिको सिंगल्स विजेताले नगद ४० हजार, उपविजेताले नगद २० हजार सहित ट्रूफि तथा सेमिफाइनलिष्टले नगद १० हजार सहित मेडल पुरस्कार प्राप्त गर्नेछन् भने ४५ वर्ष माथिको डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार सहित ट्रूफि तथा सेमिफाइनलिष्टले ५/५ हजार सहित मेडल पुरस्कार प्राप्त गर्नेछन्।

त्यस्तै ५५ वर्ष माथिको सिंगल्स विजेताले नगद ३० हजार, उपविजेताले १५ हजार सहित ट्रूफि तथा सेमिफाइनलिष्टले नगद १० हजार सहित मेडल पुरस्कार प्राप्त गर्नेछन् । सोहि उमेर समुहको डवल्स विजेताले नगद २० हजार, उपविजेताले १० हजार सहित ट्रूफि तथा सेमिफाइनलिष्टले नगद ५/५ हजार पुरस्कार प्राप्त गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइयो । ६५ वर्ष माथिको सिंगल्स विजेताले नगद १५ हजार तथा उपविजेताले नगद १० हजार सहित ट्रूफि पुरस्कार प्राप्त गर्ने संयोजक चालिसेले बताए।

प्रतियोगितामा पोखरा सहित काठमाण्डौ, भक्तपुर, हेटौडा, बुटवल, बाग्लुङ्ग लगायत फरक फरक जिल्लाबाट झण्डै १ सय ३० खेलाडीले भाग लिने टुर्नामिण्ट डाइरेक्टर राजन पौडेलले जानकारी गराए । मेन्स सिंगलतर्फ १२ जना, उमन्स सिंगलतर्फ ७ जना, ३५ वर्ष माथिको सिंगल्सतर्फ २१ जना तथा डवल्सतर्फ १३ टिम, ४५ वर्ष माथिको सिंगल्सतर्फ ३२ जना तथा डवल्सफर्त २१ टिम, ५५ वर्ष माथिको एकलमा १५ जना तथा डवल्समा १३ टिम, ६५ वर्ष माथिको सिंगल्समा ८ जनाले भाग लिने पौडेलको भनाई छ। माछापुच्छ्रे बैक मुख्य प्रायोजक रहेको प्रतियोगिता सम्पन्न गर्न झण्डै साढे १३ लाख खर्च लाग्ने र त्यतिनै बचत हुने अनुमान रहेको आयोजक संघका कोषाध्यक्ष अनुज बाँस्तोलाले जानकारी दिए । पत्रकार सम्मेलनमा आयोजक संघका अध्यक्ष लोक गुरुङ्ग, सचिव नविन श्रेष्ठ लगायतले प्रतियोगिताका बारेमा जानकारी दिलाएका थिए।

# वनलाई आम्दानीसँग जोड्नका लागि कानूनी प्रकृया सहज बनाईने–मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस**

गण्डकी प्रदेशका वन, वातावरण तथा भूसंरक्षण मन्त्री दीपक थापाले वन क्षेत्रलाई आय आर्जनसँग जोड्न कानूनी प्रकृया सहज बनाईने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । उहाँले वन क्षेत्र प्रयोगमा संघीय कानूनले केही बाधा उत्पन्न गराएको र प्रदेश वन नीति पारित नभईसकेको अवस्थामा वन क्षेत्रबाट आशान्वित लाभ लिन नसकिएको बताउनुभयो।

जसका लागि गण्डकी प्रदेश बन ऐन ल्याउन लागिएको जानकारी दिँदै उहाँले वन ऐन पारित भएपछि यस क्षेत्रको वन क्षेत्र आम्दानीमा जोडिने विश्वास व्यक्त गर्नुभयो । संघीय वन तथा वातावरण मन्त्रालयको वन तथा भू संरक्षण विभागले आयोजना गरेको ‘वन उद्यममा लगानी विस्तारका लागि वैंकर्स, विमक र वन उद्यमी’ विषयक अन्तरक्रिया गोष्ठीमा उहाँले गन्तव्यमा पुग्ने मुख्य आधार भनेको



बाटो भएको बताउँदै, अब बनमा लगानी विस्तार गर्न कानूनी बाटो खुलाउने प्रयासमा लागिरहेको जानकी दिनुभयो । प्रदेश वन ऐन बनाउँदा, संघीय कानूनसँग नबाझिने खालको बनाईने बताउँदै मन्त्री थापाले यसका लागि सबै क्षेत्रको रचनात्मक सुझाव आउनुपर्ने बताउनुभयो । कार्यक्रममा वन तथा भू संरक्षण विभागका विज्ञ विष्णु ज्ञवालीले नेपालमा वन क्षेत्रको वितरण समान भएपनि जन घनत्वका कारण वन स्रोतमा पहुँच बढी र कम हुने गरेको बताउनुभयो। वन व्यवस्थापनका लागि सबै प्रकारका रुखहरु निकाल्नुपर्ने र रोप्नुपर्ने भएता पनि व्यवसायीहरु र उपभोक्ता सबैले सालको काठ नै रोज्ने गरेका कारण उच्च तथा मध्य पहाडी क्षेत्रको बन घना भएको उहाँको भनाई छ । नेपालमा जति वन क्षेत्र बढिरहेको छ, उत्तिकै मात्रामा आयात पनि बढिरहेको सुनाउँदै उहाँले नेपालको बनको उचित व्यवस्थापन हुन सके वन क्षेत्रले मात्रै १३ लाख नेपालीलाई रोजगार दिने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा वन, वातावरण तथा भू संरक्षण मन्त्रालय गण्डकी प्रदेशका सचिव बद्रिराज ढुँगानाले वन क्षेत्रले वैदेशिक रोजगारीमा जाने लहरलाई केही मात्रामा भएपनि रोक्ने बताउँदै यसका लागि वन व्यवस्थापन जरुरी भएको बताउनुभयो।

कार्यक्रममा डिभिजनल वन कार्यालय कास्कीका प्रमुख केदार बराल, तनहुँका प्रमुख कोमलराज काफ्ले, नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष प्रेमलाल श्रेष्ठ लगायले बोल्नुभएको थियो।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोगः** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला ।

**प्यारालाइसिसः** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्नेः** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सम्पर्कः**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :

**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कास्कीमा सुन्तला : कतै लहर कतै रहर

–हरि बाँस्तोला

पोखरा, ९ पुस (रासस)

दुई दशकअघिसम्म कास्कीका अधिकांश स्थानमा सुन्तला राम्रै फल्ने गर्दथ्यो । सुन्तलाकै कारण जिल्लाको भरतपोखरी, हंसपुर, दोपहरे फेदीपाटन जस्ता ठाउँ चर्चित थिए ।

पछिल्ला वर्षमा यहाँका भरतपोखरी, हंसपुर, पुरञ्चौरलगायतका ठाउँमा सुन्तला चाख्न पनि रहर बनेको छ । जिल्लाकै फेदीपाटन, दोपहरे, खर्च्याङ, मास्पाटनलगायतका स्थानमा भने पछिल्ला केही वर्षयता सुन्तलाको उत्पादन बढ्दै गएको छ । सिक्टस ग्रिनिङलगायतका भाइरसका कारण अधिकांश स्थानमा सुन्तला सखाव भए पनि पोखरा महानगरपालिका- २१ फेदीपाटनमा भने केही वर्षयता सुन्तलाको उत्पादन बढ्दै गएको यहाँका कृषक बताउँछन् । यस वर्षमा सो क्षेत्रमा सुन्तला बिक्रीबाट कृषकले २२ लाखभन्दा बढी रकम भित्र्याउन सफल भएका छन् ।

पोखरा महानगरपालिकाको प्रमुख प्रविधिमैत्री सुन्तला बगैँचा व्यवस्थापन अभियानको प्रभावकारीतासँगै बोटको आयु बढ्नु र सुन्तला उत्पादनमा समेत वृद्धि भएको फेदीपाटनका कृषक प्रकाश पौडेल जानकारी दिनुभयो । उहाँका अनुसार अभियानले कृषकमा उत्साह थपे पनि सुन्तलाको फूल खेल्ने र फल लाग्ने समयमा बारम्बार पर्ने असिनाले प्रत्येक वर्ष पुर्‍याउँदै आएको क्षतिका कारण यस क्षेत्रका कृषक अहिले पनि चिन्तित छन् । उहाँले भन्नुभयो ,“बुबाको पालामा सुरु गरेको ४० रोपनी भिरोलो पाखो जग्गामा अहिले लगभग ६०० सुन्तलाका बोट छन् । धेरैले उत्पादन दिँदै आएका छन् यस वर्ष सुन्तला बिक्रीबाट सात लाख ३० हजार आम्दानी भएको छ ।” “उत्पादित सुन्तला बिक्री हुँदै न कि भन्नु पर्दैन टेकेदार बगैँचामै आएर टिपेर लैजाने गरेका छन्”, उहाँले भन्नुभयो, “फागुन र चैत महिनामा परेको असिनाले सुन्तलामा ठूलो क्षति पुगेका कारण कम आम्दानी भएको हो प्राकृतिक प्रकोप नपरेको भए यस वर्ष त्यसको दोब्बर आम्दानी हुने थियो ।”

महानगरपालिकाले सुरु गरेको अभियानले सुन्तला कृषकलाई आशा जगाएको बताउँदै पौडेलले थप्नुभयो, “अनुदानले बगैँचा व्यवस्थापनमा सहयोग पुगेको छ, अब असिनाबाट सुन्तलाको फल र बोट जोगाउन नेटको व्यवस्था गर्नुपर्ने अपरिहार्य भएको छ । सुन्तला बगैँचा सुदृढ र व्यवस्थापन गरेबापत उहाँले अभियानबाट गत आवमा ६० हजार २०० रुपैयाँ अनुदान प्राप्त गर्नुभएको थियो । स्थानीय अर्का कृषक नारायण पौडेलले यस वर्ष सुन्तला बिक्रीबाट दुई लाख ५० हजार आम्दानी गर्नुभएको छ । उहाँले भन्नुभयो, असिनाबाट बचेको सुन्तलाको दाना राम्रै थियो बोटबाटै बिक्री गर्दा दुई लाख ५० हजार आम्दानी भयो, असिनाले क्षति नपुर्‍याएको पाँच लाखभन्दा बढी पर्ने थियो । रोगसहित जङ्गली जनावरबाट ठूलै क्षति हुने गरेको उहाँको भनाइ छ । सिक्टस ग्रिनिङलगायतका भाइरस एवं रोगका कारण सुन्तलाखेती सङ्कटग्रस्त बन्दै गएपछि व्यावसायिक सुन्तलाखेतीमा कृषकलाई प्रेरित गर्दै उनीहरूको आम्दानीमा समेत वृद्धि गर्ने लक्ष्यका साथ महानगरले प्रमुख प्रविधिमैत्री सुन्तला बगैँचा व्यवस्थापन अभियान सञ्चालन गरेको हो ।

किसानलाई प्रोत्साहन गर्दै सुन्तला क्षेत्रको विस्तार गर्ने लक्ष्यसाथ तीन वर्षयता सञ्चालित अभियानअन्तर्गत हालसम्म रु ४५ लाख अनुदान हस्तान्तरण गरेको छ भने यस आर्थिकका लागि रु २० लाख बजेट विनियोजन गरिएको महानगर कृषि महाशाखा प्रमुख मनहर कँडरियाले जानकारी दिनुभयो । मलखाद प्रयोग गरेका पाँच वर्षमाथिका बिरुवाको प्रतिबिरुवा रु ३०, बोडो पेस्टलगायतका बिरुवाको रु ३०, बोडो मिक्स्चर स्प्रे गरेका बिरुवालाई रु २० र छापो प्रयोग गरेका बिरुवालाई रु २० का दरले प्रोत्साहनस्वरुप अनुदान रकम प्रदान गर्दै आएको बताउँदै उहाँले घोषित पकेट क्षेत्रका २०४ बगैँचाका २० हजार बिरुवाले उत्पादन दिएको बताउनुभयो । “अभियानले महानगरपालिका-२१ र २२ मा अभियान सञ्चालन भएको छ”, उहाँले भन्नुभयो, “चालू आर्थिक वर्षमा २०४ कृषकलाई सुन्तला बगैँचामै पुगेर बोट सङ्ख्याका आधारमा रु १५ लाख अनुदान वितरण गरिएको हो ।”

महाशाखा प्रमुख कँडरियाले भन्नुभयो, “असिनाबाट क्षति कम गर्नका लागि सुन्तलाको बोट माथि नेट राख्नुको विकल्प छैन, एक रोपनी क्षेत्रफलमा नेट लगाउँदा २५ देखि ३० हजारसम्म खर्च लाग्दछ । उक्त प्रविधि भित्र्याउन महाशाखाले सोच बनाएको छ ।”

पाँच वर्षभन्दा माथिका प्रतिसुन्तलाका बोटलाई महाशाखाले रु १०० अनुदान दिँदै आएको छ, जसमा पाँच हजार अनुदान प्राप्त गर्ने कृषकबाट रु ४०० र त्योभन्दा माथिको हकमा रु ८०० कट्टा गरी उक्त रकमबाट सुन्तलाका नयाँ बिरुवा रोप्न कृषकलाई प्रेरित गर्दै आएको उहाँको भनाइ छ ।

# लक्ष्मी आर्दश यूवा क्लवले फुटसल गर्ने

पोखरापत्र संवाददाता

पोखरा, ९ पुस

लेखनाथ, ९ पुष, पोखरा महानगरपालिका वडा नं. २७ लक्ष्मी आर्दश टोलमा स्थापना भएको लक्ष्मी आर्दश यूवा क्लवले फुटसल प्रतियोगिता गर्ने भएको छ ।

आफ्ना टोल भित्र रहेका यूवाहरु बिचमा भाइचाराको सम्वन्ध स्थापना गर्नको लागि यहि पुष १० गते फुटसल प्रतियोगिता गर्न लागेको बताईएको छ । सामाजिक क्षेत्रमा योगदान गर्ने अभिप्रायले स्थापना भएको क्लवले विभिन्न सामाजिक कार्यका साथै यूवाहरुका लाई खेलकुद प्रतियोगिता समेत गर्दै आईरहेको छ । शनिबार पोखरा २७ तालचोकमा स्थित काईट्स स्पोर्टसमा हुन लागेको फुटसल प्रतियोगितामा करिब टोल भित्रका १० टिम सहभागि रहने अनुमान गरिएको छ । प्रतियोगितामा प्रथम तथा दोस्रो हुने टिमलाई क्रमश १२ हजार र सात हजारको साथमा मेडल र प्रमाण पत्र प्रदान गरिने क्लबका कार्यसमिति सदस्य अमृत त्रिपाठी जानकारी दिएका छन् ।

# एसओएस व्यवसायीक तालिम केन्द्रमा अन्तरक्रिया

पोखरापत्र संवाददाता

पोखरा, ९ पुस

पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनमा रहेको एसओएस व्यावसायीक तामिल केन्द्रमा सीप मुलक तालिम प्रदायक संघसंस्था तथा पोखराका प्रतिष्ठित अटो व्यवासायीका विच अर्न्तक्रिया सम्पन्न भएको छ ।

कार्यक्रममा व्यावयायीक तालिम प्रदान गर्ने सरकारी निकायहरु गण्डकी प्राविधक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानका कार्यकारी निर्देशक डा. सोमनाथ सापकोटा, उपसचिव मोतीलाल शर्मा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद गण्डकीका प्रमुख प्रमोदभक्त आचार्य, पोखरा प्राविधिक शिक्षालय, फुलबारीका प्रमुख हर्कलाल श्रेष्ठ, एसओएस बालग्राम गण्डकीका योजना निर्देशक भगत कुमार श्रेष्ठ सरकारले दक्ष नागरिक उत्पादनको लालि सीप सिकाउन विभिन्न कार्यक्रमहरु ल्याईरहेको वताएका थिए ।

साथै कार्यक्रमका अटो व्यवसायीहरु भिएडब्लुका व्यवस्थापक सरोज श्रेष्ठ, वतास व्रदर्शका व्यवस्थापक सन्तोष पोखरेल, टिटि इन्टरनेशनलका प्रमुख ध्रुवराज सुवेदि/राजु कुमार श्रेष्ठ, हिरो शोरुमका प्रमुख दिपक नेपाली र इच्छाशक्ति अटोमोवाईलका प्रमुख भगवान विजुक्छे, वजाज शोरुमका इञ्जिनियर प्रकाश बाबु श्रेष्ठ, व्यवसायी अटोवेजका प्रमुख नारायण प्रसाद पौडेल लगाएतले तालिम केन्द्रको अवलोकन गर्नुका साथै प्रशिक्षार्थीहरु संग अन्तरक्रिया गरेका थिए। एसओएस व्यावसायीक तालिम केन्द्रमा स्थापनाकाल देखि नै प्रशिक्षण दिदैं आएका सिनियर प्रशिक्षक मोहन केसी.ले तालिम केन्द्र स्थापनाकालमा टिबेटियन नागरिकहरुलाई मात्रै विभिन्न सिप मुलक तालिम प्रदान गर्दै आएको भएता पनि केहि वर्ष देखि सबैको लागि खुल्ला गरिएको वताएका थिए । एसओएस चिल्ड्रेन्स भिलेज पोखराका प्रमुख लोप्शंग ग्याल्छेनको अध्यक्षतामा भएको कार्यक्रममा एसओएस व्यावसायिक तालिम केन्द्र पोखराका प्रमुख थुप्तेन श्यामफेलले कार्यक्रमको वारेमा प्रकाश पारेका थिए भने एसओएस बालग्राम गण्डकीका योजना निर्देशक प्रदिपभक्त आचार्यले स्वागत र संचालन तालिम केन्द्रका सम्पर्क अधिकृत शिवप्रसाद लामिछानेले गरेका थिए ।

# पदमार्गले यात्रा अवधि छोटियो

रासस

म्याग्दी, ९ पुस

जिल्लाको रघुगङ्गा गाउँपालिका-२ बैसरीदेखि रिसिनचौतारी जोड्ने पदमार्ग निर्माण भएको छ ।

बेनी-जोमसोम सडकको बैसरीदेखि रिसिनचौतारी जोड्ने छोटो दूरीको पैदलमार्ग निर्माण भएपछि यात्राअवधि छोटिएको हो । स्थानीयवासी राजन केसीले पदमार्ग निर्माण भएपछि एक घण्टाको यात्राअवधि बीस मिनेटमा छोटिएको बताउनुभयो ।

“दुई किलोमिटर उकालो र घुमाउरो बाटोबाट रिसिनचौतारी र बैसरी आवतजावत गर्न एक घण्टा लाग्दथ्यो”, उहाँले भन्नुभयो, “जङ्गलको बीचबाट ढुङ्गाको सिँढी चिनेर पदमार्ग बनाएपछि आधाभन्दा धेरै समय र दूरी घटेको छ ।” चालीस मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको प्रवर्द्धक नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर लिमिटेडको सहयोगमा एक हजार ५०० मिटर लामो र दुई दशमलव पाँच मिटर चौडाइ भएको पदमार्ग निर्माण भएको छ । प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्वका कार्यक्रमअन्तर्गत बैसरी-रिसिन चौतारी पदमार्ग निर्माणका लागि रघुगङ्गा हाइड्रोपावरले रु पाँच लाख विनियोजन गरेको थियो । आयोजनाको सहयोग पाएपछि स्थानीयवासीले श्रमदान गरेर उकालो र भिरालो ठाउँमा रहेको जङ्गलभित्र ढुङ्गाको सिँढी चिनेर पदमार्ग बनाएका हुन् ।

भगवतीका बासिन्दा बेनी-जोमसोम सडकमा पुग्न, कालीगण्डकीमा शवदाह गर्न मलामी जान यो पदमार्ग प्रयोग गर्छन् । यो पदमार्ग भएर माझखर्क, ओखरेट हुँदै गाउँपालिकाको केन्द्र मौवाफाँट र पर्यटकीयस्थल रुइसे पनि जान सकिन्छ । रिसिनचौतारीका बासिन्दा दुर्गाबहादुर केसीले पदमार्ग बनेपछि धेरै सुविधा भएको बताउनुभयो । शवदाहसंस्कार गर्न कालीगण्डकीको घाटमा जाने मलामीलाई पदमार्गले धेरै सुविधा पुगेको केसीले बताउनुभयो ।

आयोजनाका प्रशासकीय अधिकृत मदन गिरीका अनुसार कम्पनीले रघुगङ्गा गाउँपालिकासँग समन्वय गरेर सामाजिक उत्तरदायित्वका कार्यक्रममार्फत शिक्षा, स्वास्थ्य र विकास गतिविधिका लागि पछिल्लो एक वर्षमा रु १५ लाख बराबर सहयोग गरेको छ । कोरोनाका सङ्क्रमित पहिचानका लागि एन्टिजेन खरिद गर्न रु एक लाख, आइसोलेसनमा बसेकाको खानाका लागि रु ४० हजार र प्रभावित क्षेत्रमा पर्ने बुग्लमा पहिरो नियन्त्रणका लागि बाँस र नेपियरको वृक्षरोपण गर्न रु छ लाख खर्च गरेको छ । सुरुङ खन्दा गरिने विष्फोटनको कम्पनका कारण चर्किएका धरमपानीका दुई वटा घरलाई रु ३३/३३ हजार, दुई वटा घरलाई रु ७०/७० हजार मर्मत खर्च उपलब्ध गराएको उहाँले बताउनुभयो ।

बुग्लमा आयोजनाको पहुँचमार्गमा पुग्ने सडकका कारण पहिरोबाट जोखिममा परेको घरका एक वटा घरका धनीलाई रु एक लाख ५६ हजार र अर्का घरका धनीलाई ५६ हजार मर्मत खर्च उपलब्ध गराएको छ । बुग्लमा बालीनालीमा पुगेको रु दुई लाख ५० हजार मूल्य बराबरको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउने तयारी गरेको छ ।

पिप्लेमा सुरुङ खन्दा भएको विस्फोटले चर्किएर बस्न नमिल्ने भएका नौवटा र मर्मत गर्नुपर्ने सात वटा घर पहिचान गरी क्षतिपूर्ति उपलब्ध गराउन मूल्याङ्कन गरिएको छ । प्रभावित क्षेत्रका चार जनालाई खुला प्रतिस्पर्धाबाट आयोजनामा कर्मचारी नियुक्त गरिएको छ । रघुगङ्गा माविको खेलमैदान संरक्षणका लागि गाउँपालिका र ठेकेदार कम्पनी जेपीसँग साझेदारी गरेर पर्खाल निर्माण सुरु गर्ने तयारी गरेको छ ।

# बलेवाका ७४ विद्यार्थीलाई छात्रवृत्ति

पोखरापत्र संवाददाता

बागलुङ, ९ पुस

बागलुङको बलेवा क्षेत्रका सबै विद्यालयका गरिब, जेहेन्दार र उत्कृष्ट ७४ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ । धौलागिरि छात्रवृत्ति अक्षयकोष प्रतिष्ठान, बलेवाले विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको हो ।

बलेवाका माविबाट गत वर्षको एसइईमा उत्कृष्ट छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरिएको छ । पृथ्वी हीरण्य मावि अमलाचौरका १६, त्रिभुवन मावि पैयुपाटाका चार, जनमत मावि बास्कोट पैयुपाटाका चार, जनताधन मावि नारयणस्थानका चार र गणेश मावि नारायणस्थानका १२ छात्रछात्रालाई प्रतिविद्यार्थी रु एक हजार ५०० तथा सम्मानपत्र प्रदान गरिएको छ ।

अन्य कक्षामा अध्ययनरत छात्रछात्रालाई प्रतिविद्यार्थी रु एक हजार र सम्मानपत्र प्रदान गरिएको प्रतिष्ठानका संस्थापक तुलसीराम लामिछानेले जानकारी दिनुभयो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २००६/०४/२७ गते

स्वर्गारोहणः २०७८/०८/२७ गते

स्व. बुद्धिप्रसाद गोङ्जू

गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसियसनका अध्यक्ष, रानीपौवा आयल स्टोर्सका सञ्चालक राजन गोङ्जूका पुजनीय पिता **बुद्धिप्रसाद गोङ्जूको** ७२ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**मोहन सुवेदी**
**सञ्चालक**
**उत्तम आयल स्टोर्स प्रा. लि.**
**पोखरा-२, मिरुवा**

# मादीनदी लिफ्टिङ खानेपानी आयोजनाको काम सुरु

पोखरापत्र संवाददाता

दमौली, ९ पुस

व्यास नगरपालिका-१ स्थित भादगाउँ सहलगानीमा मादीनदी लिफ्टिङ-खानेपानी आयोजनाको निर्माण सुरुआत भएको छ ।

सरकारको ७० प्रतिशत र भादगाउँ खानेपानी संस्थाको ३० प्रतिशत लगानीमा खानेपानी आयोजनाको काम अगाडि बढेको हो । कूल रु २६ करोड लागतमा निर्माण सम्पन्न हुने उक्त आयोजनाको पराजुली कन्स्ट्रक्सनले ठेक्काको जिम्मा पाएको छ । विसं २०८० भदौभित्र आयोजनाको सम्पन्न गर्ने गरी सम्झौता भएर निर्माण कार्य अघि बढाइएको भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो ।

व्यास-५ स्थित मादी नदी किनारबाट व्यास-१ को अमिलीभञ्ज्याङमासम्म करिब पाँच किलोमिटर लामो दूरीबाट पानी लैजाने तयारी गरिएको हो । मादीनदी किनारमा पानी लिफ्टिङ गरी अमिलीभञ्ज्याङमा निर्माण गरिने पानी प्रशोधन केन्द्रबाट पानी वितरण गरिने छ । उक्त आयोजनाको निर्माण सम्पन्नपश्चात् प्रतिसेकेण्ड २६ लिटर पानीको क्षमता रहेको सो संस्थाले जनाएको छ । अमिलीभञ्ज्याङमा पानी प्रशोधन केन्द्रस्थल निर्माणको लागि डोजर लगाएर बाटो बनाउने कार्य थालिएको छ । उहाँले भन्नुभयो, “अब खानेपानीको काम तीव्र गतिमा अघि बढ्छ ।” नेपालभरिको खानेपानी संस्थामध्ये दश वटा खानेपानी आयोजनाभित्र भादगाउँ करादी खिरखाँदी खानेपानी संस्था पनि छनोट हुन सफल भएपछि प्रक्रिया अघि बढाइएको थियो । साना ठूला गरी चार योजना तथा आयोजनाबाट प्रतिसेकेण्ड सङ्कलन हुँदै आएको २० लिटर पानी उपभोक्तालाई वितरण गर्दै आइएको संस्थाका सचिव राजेश्वर हङ्खलेले जानकारी दिनुभयो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : आर्थिक समस्या | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# लैङ्गिक तथा सामाजिक समावेशी विकासको स्तर अध्ययन सुरु

**पोखरापत्र संवाददाता**
**पर्वत, ९ पुस (रासस)**

यहाँका स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समावेशी विकासको स्तर अध्ययन थालिएको छ । तीनै तहका सरकारबाट लक्षित वर्गको हित तथा सशक्तीकरणका लागि तर्जुमा भई लागू भएका कानुनको कार्यान्वयन गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासको अवस्थाको अध्ययन थालिएको हो ।

गण्डकी प्रदेश सरकारअन्तर्गत सञ्चालित प्रशिक्षण प्रष्तिठानले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा यहाँका स्थानीय तहमा विज्ञमार्फत मापनको काम अघि बढाएको छ । सम्बन्धित तहका स्थानीय जनप्रतिनिधि र शाखा प्रमुख कर्मचारीको सहभागितामा अनुशिक्षण कार्यक्रम आयोजना गरेर बञ्चितिमा परेका लक्षित वर्गको हक, हित र विकासका लागि पालिकाबाट भएका गतिविधिको विवरण सङ्कलन गरेको छ ।

विगत चार वर्षमा पालिकाबाट सम्पादन भएका कामलाई विभिन्न पाँच क्षेत्रमा २२ उपशीर्षकसहित १०० सूचकका आधारमा अङ्क मापन गर्ने गरिन्छ । यसरी अङ्क मापन गर्दा जुन-जुन सूचक कमजोर देखिन्छन् ती सूचकलाई आधार बनाएर कार्यक्रम र बजेटसहित कार्ययोजना तर्जुमा गरी लागू गरिन्छ । कार्ययोजना निर्माण गर्नुअघि सहभागीलाई पाँच भागमा विभाजन गरी बलियो पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीका बारेमा सुझावका आधारमा कार्ययोजना बनाउने भएको छ । पर्वतमा पहिलोपटक सबै स्थानीय तहमा लक्षित वर्गमुखी बजेट तथा कार्यक्रमको लेखाजोखा गर्न लागिएको हो ।

हालसम्म कुश्मा नगरपालिका र महाशिला गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशी बजेट तथा कार्यक्रमको लेखाजोखा गर्दा दुवै स्थानीय तहले १०० पूर्णाङ्कमा ६०/६० अङ्क प्राप्त गर्न सफल भएका छन् । गत मङ्सिर २७, २८ र २९ गते महाशिलामा सञ्चालन भएको थियो भने यही पुस ५, ६ र ७ गते कुश्मामा सम्पन्न भएको छ । लक्षित वर्गका लागि यो प्राप्ताङ्क सन्तोषजनक नभए पनि जनप्रतिनिधि तथा कर्मचारीको संयुक्त प्रयासले सुरु गरिएका केही अभ्यास भने प्रसंशायोग्य रहेको तथ्य यो कार्यक्रमका सहजकर्ता एवं 'जेण्डर मास्टर' लीलाधर सुवेदीले बनाउनुभयो ।

# लोक कवि अलिमिया स्मृति खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखार, ९ पुस**




नेपाल मुस्लिम युवा समितिले पोखरामा माघ ०८ गते देखि १५ गतेसम्म तेस्रो लोक कवि अलिमिया स्मृति खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता गर्न लागेको छ ।

प्रतियोगिता पोखरा -१३ स्थित माछापोखरी खेल मैदानमा हुनेछ । युवाहरुलाई खेलकुदमा आकर्षित गर्न तथा खेलाडी उत्पादन गर्ने उद्देस्यले उक्त प्रतियोगिता गर्न लागिएको संयोजक अब्बु बकर मियाँले जानकारी दिनुभयो । प्रतियोगिता करिब ५० समुहले सहभागिता जनाउने अपेक्षा आयोजकको छ । प्रतियोगिता सम्पन्न गर्नका लागि आठ लाख ७५ हजार खर्च लाग्ने अनुमान गरिएको छ । प्रतियोगीतामा विजेतालाई नगद एक लाख २५ हजार नगद सहित ट्रफि, मेडल, प्रमाण पत्र र उपविजेतालाई नगद ७५ हजार सहित ट्रफि, मेडल, प्रमाण पत्र प्रदान गरिने छात्यस्तै सेमीफाइनल पुग्न सफल अन्य दुई टिमलाई १०-१० हजार प्रदान गरिने छ । साथै उत्कृष्ट खेलाडी, डिफेन्डर, मिड फिल्डर, हाई स्कोरर र गोलकिपरलाई जनही नगद पाँच हजार पुरस्कार प्रदान गरिने छ । प्रतियोगितामा टिम दर्ता शुल्क ७००० प्रति टिम रहनेछ । प्रतियोगिता को मूख्य प्रायोजक लोक कवि अलिमियाका नाति हिक्मत अलि मिया हुनुहुन्छ । त्यसैगरी प्रथम पुरस्कार प्रायोजक युवा व्यवसायी समिर खान हुनुहुन्छ र द्धित्तीय पुरस्कार प्रायोजक पोखरा महानगरपलिका- १३ का वडा अध्यक्ष लेख बहादुर तामाङ (दर्शन लामा) हुनुहुन्छ ।

# लेखनाथ पत्रकारिता पुरस्कार बराललाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ पुस (रासस)**

लेखनाथ पत्रकार मञ्चद्वारा स्थापित लेखनाथ पत्रकारिता पुरस्कारबाट यस वर्ष समाधान राष्ट्रिय दैनिकका लेखनाथ सम्वाददाता भीमपाणि बराललाई सम्मान गरिने भएको छ ।

समाचार सम्प्रेषणका माध्यमबाट समग्र लेखनाथ क्षेत्रको उन्नयनमा योगदान पुऱ्याएका सञ्चारकर्मीबाट प्रत्येक वर्ष एक जनालाई ११ हजार १११ रुपैयाँ नगद र सम्मानपत्रबाट सम्मान गरिदै आएकोमा यस वर्ष बराललाई उक्त पुरस्कार प्रदान गर्न लागिएको हो ।

मञ्चका अध्यक्ष कविराज खनाल, सचिव विष्णुहरि पौडेल,लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय, पोखरा महानगरपालिकाका प्रतिनिधि राममणि अधिकारी, पुर्व पुरस्कृत ब्यक्तिहरु मध्येबाट रामप्रसाद तिमिल्सेना रहेको छनौट समितिले यस वर्ष बराललाई उक्त पुरस्कारका लागि छनौट गरेको हो ।

वि सं २०३२ साल असारमा पिता लक्ष्मीभक्त बराल र माता अम्बिका वरालको कोखवाट छ दाजुभाईमा ठुलो कान्छाको रुपमा जन्मिएका बराल स्नातक तहसम्मको अध्यान पूरा गरी वि सं २०५५ सालमा पोखरा हटलाईन बाट पत्रकारिताा सुरु गरी आदर्श समाज दैनिक हुदै हाल समाधान राष्ट्रिय दैनिकको लेखनाथ सम्वाददाताको रुपमा कार्यरत छन् । पत्रकारिताको शिलशिलामा रेडियो वाराही,माछापुच्छ्रे एफ एम र रेडियो अन्नपूर्णमा समेत कामको अनुभव सँगालेका उनलाई राष्ट्रिय समाचार समितिमा समेत आवद्ध हुने अवसर समेत प्राप्त भएको थियो । काममा लगनशीलता,इमान्दारिता र निरन्तरातालाई मध्यनजर राख्दै अगाडि वढेकासकरात्मक सोचका धनी बराल लेखनाथ पत्रकार मञ्चका संस्थापक अध्यक्षको जिम्मेवारी बहन गरिसकेका छन् । २०५५सालदेखि निरन्तर रुपमा कार्यरत उनले लेखनाथका विकास निर्माण, यहाँका साहित्यिक पर्यटनका विविध पक्षलाई चिनाउदै लेखनाथ क्षेत्रका समाचार सम्प्रेषण गरिरहेका छन् ।

विभिन्न सामाजिक संघ सस्था आवद्ध हुँदै नेपाल पत्रकार महासंघ कास्कीको पुर्व कार्यसमितिको सदस्य र राष्ट्रिय पार्षद समेतको जिम्मेवारी वहन गरिसकेका बराल पत्रकार महासंघ कास्कीले प्रदान गर्ने गजेन्द्र भण्डारी सृजनशील पत्रकारिता पुरस्कारबाट सम्मानित भैसकेका छन् ।

वि सं २०७३ साल देखि निरन्तर रुपमा ११ हजार एक सय ११ रुपैया राशीको यो पुरस्कार यस अघि मेघराज आचार्य, रामप्रसाद तिमिल्सेना, बसन्तराज अधिकारी , वासुदेव पौडेल र परशुराम शर्माले प्राप्त गरिसकेका छन् ।

यस वर्षको लेखनाथ पत्रकारिता पुरस्कार पुस १५ गते कवि शिरोमणि लेखनाथ पौडेलको जन्मजयन्तीको मुल समारोह अर्घौं अर्चलेमा प्रदान गर्ने कार्यक्रम रहेको छ ।

# चार विद्यालयमा विद्युतीय पुस्तकालय

**पोखरापत्र संवाददाता**
**दमौली, ९ पुस**

व्यास नगरपालिकाका चार विद्यालयमा विद्युतीय पुस्तकालय निर्माण गरिने भएको छ । नगरपालिकाले शिक्षा मन्त्रालयको सहकार्यमा नगर क्षेत्रभित्र सञ्चालित चार विद्यालयमा विद्युतीय पुस्तकालय स्थापना गर्न लागेको हो ।

विद्यार्थीलाई पछिल्ला विकास प्रविधिमा आबद्ध गरी नवीनतम् ज्ञान उपलब्ध गराउने नीतिबमोजिम विद्युतीय पुस्तकालय स्थापना गर्न लागिएको नगरपालिकाका शिक्षा शाखा प्रमुख नगेन्द्रराज रेग्मीले जानकारी दिनुभयो । विद्युतीय पुस्तकालय स्थापनाका लागि सबै विद्यालयसँग प्रस्तावना माग गरिएको र विद्यालयहरूले नगरपालिकामा प्रस्तावना पेश गरेको रेग्मीले बताउनुभयो । "पेश भएका प्रस्तावनाउपर छलफल गरेर विद्यालय छनोट अन्तिम चरणमा पुगेको छ, एक/दुई दिनभित्रै विद्यालय छनोट भएपछि पुस्तकालय स्थापनाको काम अगाडि बढ्छ", रेग्मीले भन्नुभयो । विद्युतीय पुस्तकालय स्थापनाका लागि प्रत्येक विद्यालयलाई रु छ लाख ५० हजारका दरले बजेट उपलब्ध गराइनेछ ।

सूचना र प्रविधिको विकाससँगै विद्यालयमा विद्युतीय पुस्तकालय स्थापना गर्ने नीति लिइएको छ । बिनाइन्टरनेट पनि पढ्न सकिने सफ्टवेयरको विकास भएसँगै परम्परातरूपमा सञ्चालन हुँदै आएका पुस्तकालयको विकल्पमा रूपमा विद्युतीय पुस्तकालयको माग बढेको छ ।

नगरपालिकाले तीन विद्यालयमा आइसिटी स्थापना गर्ने भएको छ । ती विद्यालयलाई रु ५० हजारका दरले बजेट प्रदान गरिनेछ । त्यस्तै तीन विद्यालयका लागि विज्ञान प्रयोगशाला र पाँच विद्यालयमा विद्यालय सामग्री खरिदका लागि रु ५० हजारका दरले बजेट उपलब्ध गराइने नगरपालिकाले जनाएको छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
वि.सं. २००६/०४/२७ गते

स्वर्गारोहण मिति:
वि.सं. २०७८/०८/२७ गते

**स्व. बुद्धिप्रसाद गोङ्गजू**

हाम्रा प्रातः स्मरणीय पुजनीय श्रीमान /दाजु/ बुबा / हजुरबुबा बुद्धिप्रसाद गोङ्गजूको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा हामीप्रति सहानुभूति, समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, दाजुभाइ, छरछिमेकी, संघ संस्था तथा शुभचिन्तकहरूमा हार्दिक आभार प्रकट गर्दछौं ।

**श्रीमती: मिश्रीदेवी गोङ्गजू**

बहिनीहरू:
तारादेवी गोङ्गजू
शान्तिदेवी गोङ्गजू

छोरा / बुहारीहरू:
राजेश / निरु श्रेष्ठ गोङ्गजू
राजन / वेवी श्रेष्ठ गोङ्गजू
राजु / शान्ति श्रेष्ठ गोङ्गजू

नाति:
आयुष गोङ्गजू
नातिनी:
आयुक्ती गोङ्गजू

तथा
**सम्पूर्ण गोङ्गजू परिवार, पोखरा-११, रानीपौवा**

पुनश्च: मिति २०७८ पुस १० गते शनिबार हुनगइरहेको १३ औं दिनको शुद्धाशुद्धि (गहत खाने) कार्यक्रममा सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी तथा सागरमा सहभागी शुभचिन्तकहरूमा प्रसाद ग्रहणका लागि उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।
समय: दिउँसो १:०० बजेपछि,
स्थान: पोखरा-११, रानीपौवा (रानीपौवा पेट्रोलपम्प)